आज मिति २०८२ साल कार्तिक २० गते दिउसो २:०० बजे मेडिकल व्यावसायीहरुसँग लागू औषध दुर्व्यसनी रोकथाम तथा न्यूनीकरण सम्बन्धी अन्तरक्रिया एवं छलफल कार्यक्रम प्रमुख जिल्ला अधिकारी श्री गोकर्ण राज सुयल ज्यूको अध्यक्षतामा एवम् तपसिल बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति:

प्रमुख जिल्ला अधिकारी श्री गोकर्ण राज सुयल, जिल्ला प्रशासन कार्यालय, कालीकोट

प्र.प्र.अ. श्री पदम बहादुर बुढा क्षेत्री, खाँडाचक्र नगरपालिका, कालीकोट

प्र.ना.उ., श्री हिम बहादुर खत्री, जिल्ला प्रहरी कार्यालय, कालीकोट

स.प्र.ना.उ., श्री दिपक चन्द, सशस्त्र प्रहरी बल, नेपाल, आश्रित गुल्म, कालीकोट

प्र.अ.अ. श्री ठाकुर प्रसाद के.सी., राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, कालीकोट

नि.स्वा.से.व्यवस्थापक डा. रत्नविर सुनार, स्वास्थ्य सेवा कार्यालय, कालीकोट।

अध्यक्ष श्री रतन बहादुर शाही, उद्योग वाणिज्य संघ, कालीकोट।

नि.स्वास्थ्य शाखा प्रमुख, श्री नविना शाही, खाँडाचक्र नगरपालिका, कालीकोट।

श्री जर्मा शाही, दिपरत्न कर्णाली हेल्थ पोलिक्लिनिक, कालीकोट।

श्री दिप बहादुर शाही, आविस्कार मेडिकल हल, कालीकोट।

श्री कल्पना सिंह शाही, कुशुम मेडिकल हल, कालीकोट।

श्री कृष्ण बहादुर मल्ल, सामूदायिक फार्मेसी, कालीकोट।

श्री तुलाराम विष्ट, लक्ष्मी विष्ट मेडिकल हल, कालीकोट।

श्री लक्ष्मण बहादुर खत्री, चंखेली मेडिकल स्टोर, कालीकोट।

श्री जलसा बुढा, पलाँता गाउँपालिका, कालीकोट।

श्री खगेन्द्र पाण्डे, जेसिस अध्यक्ष, स्थानीय यूवा।

श्री सिमा शाही, दिपरत्न कर्णाली हेल्थ पोलिक्लिनिक, कालीकोट।

निर्णयहरु

१. फार्मेसी संचालन, इजाजत र व्यवसाय संचालन अनुमति लिएर मात्र फार्मेसी संचालन गर्ने। अनुमति नलिई फार्मेसी र क्लिनिक, अस्पताल संचालनका विषय बजार अनुगमनको समयमा कडाईकासाथ अनुगमन गरी कारवाही गर्ने। यसमा सबै औषधि व्यावसायी एवम् क्लिनिक व्यावसायीले सहयोग गर्ने।

गोकर्ण राज सुयल
प्रमुख जिल्ला अधिकारी

२. नेपाल सरकारले लागू औषधको रुपमा किटान गरेका र सर्वसाधारणमा विक्री प्रतिवन्ध लगाएका औषधीहरु विक्री वितरण नगर्ने। विशेषज्ञ डाक्टरको प्रेसकिप्सन वेगर त्यस्ता औषधी विक्री वितरण नगर्ने तथा त्यस्ता औषधी लिने ग्राहकहरुको पूर्ण विवरण राखे। नियमक निकायले माग गरेको समयमा उपलब्ध गराउने।

३. लागू औषध सेवनकर्ता र आपुर्तिकर्ता सम्बन्धी सूचना भएमा जिल्ला प्रहरी कार्यालयमा तुरुन्त संचार गर्ने। लागू औषध नियन्त्रण कार्यमा सवैले सहयोग गर्ने।

४. फार्मेसी, क्लिनिक र ल्याववाट निस्केका मानव स्वास्थ्य, पशु स्वास्थ्य र वातावरणमा हानीनोक्सानी पुर्याउने हानिकारक फोहोरमैला सबै औषधि क्लिनिक व्यावसायीहरु आफैले सुरक्षित व्यवस्थापन गर्ने।

५. अनुमति प्राप्त नगरेका क्लिनिक र फार्मेसीले गर्भपतन सेवा दिएको पाइएमा कानून बमोजि कारवाही गर्ने। अनियमित हुने गर्भपतनलाई दुरुत्साहन गर्ने।

६. जिल्लामा क्रियाशिल औषधि व्यावसायीहरुलाई व्यावसायिक आचरण पालना गर्न औषधि व्यावसायी संघले सचेतनामुलक अन्तरक्रिया गर्ने।

प्रमुख जिल्ला अधिकारी